"कृषि पर्यटन पुर्वाधार र रोजगारी समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी"

# चिङ्गाड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अछलचिङ्ग सुर्खेत

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या:२०८०/०८१

चलानि नम्बर: ६६१

=================================================================

मिति:२०८०।०९।१३

**विषय : वैदेशिक रोजगार सन्तती छात्रवृति सम्बन्धमा ।**

**श्री जो जस संग सम्बन्धित छ ।**

उपरोक्त सम्बन्धमा श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई करार अवधि भित्र मृत्यू भएका वा पूर्णरुपमा असक्त वा गम्भीर विरामी भएका कामदारका बालबालिकालाई वैदेशिक रोजगार छात्रवृत्तिका लागि आफु अध्ययनरत शैक्षिक संस्थामा वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसुचि (१) बमोजिमको ढाँचामा मिति २०८० साल पुस २६ गते भित्र निवेदन दिन सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**छात्रवृत्तिका लागि निवेदन दिने आधारहरु**

१. श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई मृत्यू वा अंगभंग वा बिरामी भई वैदेशिक रोजगार वोर्डबाट शत प्रतिशत (१००%) आर्थिक सहायता लिएका कामदारका छोरा/छोरी ।
२. सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालबालिकाहरुले मात्र निवेदन दिन सक्नेछन् ।
३. मिति २०८० कार्तिक मसान्तसम्म उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालबालिकालाई मात्र शैक्षिक शत्र २०८० को छात्रवृत्ति उपलब्ध गराइनेछ ।

**निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु**

१. विद्यार्थीको निवेदन ।
२. निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपी ।
३. वैदेशिक रोजगारमा गई मृत्यू भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
४. कामदारको राहदानीको प्रतिलिपी वा राहदानी नं. खुल्ने कागजात ।
५. वैदेशिक रोजगारमा गई सोही क्रममा अशक्त भएका कामदारको पूर्णरुपमा अशक्त भएको खुल्ने प्रमाणको कागज ।
६. विद्यार्थीको जन्म दर्ताको प्रतिलिपी
७. निवेदक, संरक्षक र कामदार बिचको नाता प्रमाणको प्रतिलिपी ।
८. विद्यार्थी वा संरक्षकको बैंक खाता खुल्ने कागजातको प्रतिलिपी ।
९. सम्बन्धित स्थानीय तहको सिफारिस ।
१०. अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस ।
११. कामदारको राहदानीको प्रतिलिपी ।

२०८०/०९/१३

..............................

समिक्षा सोमै

प्रमख प्रशासकीय अधिकृत

=================================================================